# प्रभु इन्स्योरेन्स लिमिटेडको

**सूचनाको हक सम्वन्धि ऐन,२०६४ को दफा ५ उपदफा (३) र सूचनाको हक सम्वन्धि नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण**
**(अवधि : विवरण सार्वजनिक गरेको २०८०/०४/०१ देखि २०८१/०३/३१ सम्म)**

१. **कम्पनीको स्वरुप र प्रकृति:**
कम्पनी ऐन २०२१ बमोजिम २०५३ साल आषाढ १३ गते नेपाल सरकार कम्पनी रजिष्टार कार्यालयमा दर्ता भई कम्पनी लिमिटेड कम्पनीको रुपमा स्थापना भएको हो । मिति २०५३ साल श्रावण १ गते नेपाल वीमा प्राधिकरणबाट निर्जीवन वीमा व्यवसाय गर्ने वीमकको प्रमाणपत्र प्राप्त गरी निर्जीवन वीमा कारोवार शुरु गरिएको हो ।

- क) चुक्ता पुंजी: रु १,४४,१४,८८,०६७/-
- ख) कम्पनी दर्ता नं.: १८३/०५१/०५२
- ग) मूल्य अभिवृद्धि कर दर्ता नं.: ५००१०५६३०

२. **कम्पनीको काम, कर्तव्य र अधिकार:**
वीमा ऐन, २०७९ एवम् अन्य प्रचलित कानुन तथा नेपाल वीमा प्राधिकरणबाट जारी निर्देशनहरुको अधिनमा रही प्रबन्धपत्रमा उल्लेखित उद्देश्यहरुको प्राप्तिको लागि निर्जीवन वीमा व्यवसाय गर्ने ।

३. **कम्पनीमा रहने कर्मचारी संख्या कार्य विवरण:**
आ.व. २०८०/०८१ को आषाढ मसान्तसम्ममा यस कम्पनीमा कार्यरत कर्मचारीहरुको संख्या २५४ रहेको छ। विभिन्न विभागहरु गठन गरी कम्पनीले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारी मार्फत भई रहेको छ । व्यवस्थापन तह तथा विभागीय प्रमुखहरुको नामावली कम्पनीको वेभसाइट www.prabhuinsurance.com मा उपलब्ध छ ।

४. **कम्पनीबाट प्रदान गरिने सेवा:**
वीमा ऐन, २०७९ बमोजिम निर्जीवन वीमा कम्पनीले प्रदान गर्न सक्ने सम्पूर्ण वीमा सेवाहरु ।

५. **सेवा प्रदान गर्ने कम्पनीको शाखा र जिम्मेवार अधिकारी:**
यस कम्पनीले हाल सम्म केन्द्रिय कार्यालय शाखा तथा उपशाखा सहित ५८ शाखाहरुमा निर्जीवन वीमा सेवा प्रदान गरिरहेको छ । सेवाप्रदान गर्ने शाखाहरुको बिवरण यस कम्पनीको वेबसाईटमा उपलब्ध छ ।

६. **सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि:**
नेपाल वीमा प्राधिकरणबाट स्वीकृत वीमालेखमा तोकिएको वीमादर बमोजिम जोखिमको विश्लेषणको आधारमा वीमाशुल्क लिने गरिएको छ । दावी भुक्तानीको हकमा वीमितबाट यथाशिघ्र आवश्यक सम्पूर्ण कागजात प्राप्त भएको २१ दिनभित्र भुक्तानी गर्ने गरिएको छ ।

७. **निर्णय गर्ने प्रकृया र अधिकारी:**
यस कम्पनीले गर्ने वीमा कारोबारहरुको सम्बन्धमा गरिने विभिन्न निर्णयहरु बिभिन्न तहका कर्मचारीहरुले निर्णय गरिने विषयवस्तु प्रकृतिको आधारमा निर्णय गर्ने व्यवस्था एवम् प्रकृया मिलाइएको छ । अन्य विशेष निर्णयहरुको हकमा निर्णय गरिने विषयवस्तु प्रकृतिको आधारमा प्रमुख कार्यकारी अधिकृत, कम्पनीमा कार्यरत विभिन्न समिति तथा उपसमिति तथा संचालक समितिबाट आवश्यक निर्णयहरु लिने गरिएको छ ।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारी:**
उजुरीको प्रकृतिको आधारमा सम्बन्धित विभागीय प्रमुखको निर्णय उपर उजुरी सुन्ने अधिकारी प्रमुख कार्यकारी अधिकृत रहेका छन् ।

९. **सम्पादन गरेको कामको विवरण:**
वीमा ऐन, २०७९ तथा नेपाल वीमा प्राधिकरणले तोके बमोजिम निर्जीवन वीमासंग सम्वन्धित कारोबारहरु ।

१०. **कम्पनी प्रमुख र सूचना अधिकारी को नाम र पद:**
प्रमुख कार्यकारी अधिकृत: श्री सन्चित बज्राचार्य, सूचना अधिकारी: श्री देवेन्द्र कर्माचार्य, सहायक प्रबन्धक

११. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची:**
कम्पनी ऐन, २०६३, धितोपत्र ऐन, २०६३ तथा नियमावली, २०६४, श्रम ऐन, २०७४ तथा नियमावली, २०७५, वोनस ऐन, २०३० तथा नियमावली, २०३९, आयकर ऐन, २०५८ तथा नियमावली, २०५९, मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा नियमावली, २०५३, वीमा ऐन २०७९, नेपाल वीमा प्राधिकरणबाट जारी वीमकको संस्थागत सुशासन सम्बन्धि निर्देशिका, २०८०, सम्पत्ति शुद्धिकरण तथा आतंककारी कृयाकलापमा वित्तिय लगानी निवारण निर्देशिका, २०७५, कम्पनीको कर्मचारी सेवा विनियमावली, २०७३, आर्थिक प्रशासन नियमावली, २०७३ तथा संचालक समितिद्धारा जारी नीति नियम तथा विनियमहरु ।

१२. **आम्दानी खर्च तथा आर्थिक कारोबारहरु सम्बन्धि अद्यावधिक विवरण:**
यस कम्पनीको आम्दानी, खर्च तथा आर्थिक कारोबारहरु सम्बन्धि त्रैमासिक विवरण राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित हुदैं आएको छ र त्यसरी प्रकाशित आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धि त्रैमासिक विवरण यस कम्पनीको वेबसाईट www.prabhuinsurance.comमा समेत राखिएको छ ।

१३. **अघिल्लो आर्थिक वर्षमा कम्पनीले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण:**
अघिल्लो आर्थिक वर्षमा कम्पनीले वार्षिक साधारण सभा, शाखा सम्मेलन, कर्मचारी तथा अभिकर्ता तालिम आदि गरेको थियो ।

१४. **कम्पनीले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धि विवरण:**
यस कम्पनीले वैदेशिक सहायता, ऋण, अनुदानप्राप्त गरेको छैन । पुनर्वीमा कम्पनी Best Meridian को अगुवाईमा अन्य पुनर्वीमकहरुसंग पुनर्वीमा सम्झौता गरेको छ ।

१५. **कम्पनीले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन:**
कम्पनीको वार्षिक प्रतिवेदन कम्पनीको वेबसाईटमा राखिएको छ ।

१६. **कम्पनीले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि:**
हाल सूचना वर्गिकरण गरिएको छैन ।

१७. **कम्पनीमा परेको सूचना माग सम्बन्धि निवेदन र सो उपर सूचना दिएको विवरण:**
उक्त अवधिमा सूचना माग नभएको ।

१८. **कम्पनीका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भए सो को विवरण:**
कम्पनीको त्रैमासिक विवरण, वार्षिक साधारण सभा बस्ने सम्बन्धि सूचना लगायत अन्य आवश्यक सूचनाहरु राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गरी कम्पनीको वेबसाईटमा समेत राख्ने गरिएको छ ।


**प्रभु इन्स्योरेन्स लिमिटेड**
तिनकुने, काठमाण्डौ
फोन ०१-५१९९२२०/२६, फ्याक्स ०१-५१९९२४७
Email: info@prabhuinsurance.com
Website: www.prabhuinsurance.com